# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

९८५७८३५२४०


प.स. २०८२/०८३

च.न ४२४

मितिः२०८२।०८।११

श्री यो जो जससँग सम्बन्ध राख्दछ।

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा, दाङ जिल्ला राजपुर गाउँपालिका वडा नं ७ स्थित श्री शिवशक्ति माध्यमिक विद्यालय भौवानाकामा प्राथमिक तह, तृतीय श्रेणीको रिक्त शिक्षक पदमा शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१, को दफा ७ (२) को व्यवस्था अनुसार सरुवाको प्रक्रिया अगाडि बढाइदिन विद्यालयको च नं ५२ मिति २०८२।०८।०५ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित पदको लागि निर्देशिकाको दफा २१ को खण्ड ख, घ र ङ समेतको आधारमा योग्य स्थायी शिक्षकले शिक्षा नियमावलीको नियम १७ बमोजिमको ढाँचामा राजपुर गाउँपालिकाभित्र कार्यरत शिक्षकको हकमा कार्यरत विद्यालयको सहमति, दाङ जिल्लाभित्र कार्यरत शिक्षकको हकमा कार्यरत विद्यालय र सम्बन्धित स्थानीय तहको सहमति तथा जिल्ला बाहिर कार्यरत शिक्षकको हकमा कार्यरत विद्यालय, सम्बन्धित स्थानीय तह र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सहमति र तोकिएका अन्य कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

रेमन्त बहादुर डाँगी

प्रमुख प्रशासकीय अधिकृत

पुनश्चः

१. निवेदक स्वयं उपस्थित भई वा विद्यालयको इमेल ठेगाना mavibhawa45@gmail.com मार्फत निवेदन पेश गर्न सकिने छ ।

२. म्याद नाघि वा तोकिएको रित नपुगी प्राप्त निवेदन माथि कुनै कारवाही हुने छैन ।

थप जानकारीको लागि ९८६८२८२११२ (प्रधानाध्यापक)

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ, दाङ ।

श्री शिवशक्ति माध्यमिक विद्यालय राजपुर-७, भौवानाका, दाङ ।